२०६५ साल मंसिर २५ गते रोज ४ का दिन १२.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. प्रहरी अधिकृतको विभागीय सजाय उपरको पुनरावेदन विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।८६-०६५।८।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत शासकीय सहयोग क्लष्टर कार्यक्रम/उप कार्यक्रम १ का लागि एशियाली विकास बैंकले उपलब्ध गराउने सहायता स्वीकार गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।९५-०६५।८।२० को प्रस्ताव - अब उप्रान्त परामर्शदातामा गरिने खर्च कटौती गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. ऋण असुली न्यायाधिकरणका सदस्य नियुक्ति गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।९८-०६५।८।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. सुविधा उपलब्ध गराउने (विशेष अदालतका न्यायाधीशहरु र कर्मचारीहरुलाई) विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।४७-०६५।८।१९ को प्रस्ताव - प्रस्तावको प्रकरण ४. "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायबमोजिम गर्ने -
"विशेष अदालतका न्यायाधीशहरु र कर्मचारीहरुलाई शुरु तलब स्केलको २५ प्रतिशत भत्ता उपलब्ध गराउने ।"

५. अदालतको अधिकारक्षेत्र पुनरावलोकन गर्नको लागि कार्यदल गठन गरी कार्यक्षेत्रगत शर्त तोक्ने विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।४८-०६५।८।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. निर्धन उत्थान बैंक लि., शाखा कार्यालय परासीका वरिष्ठ सहायक शिवप्रसाद शर्मालाई वित्तीय संस्था कर्मचारी शहीद घोषणा गर्ने विषयको गृह मन्त्रालयको नं. ६।१६०-०६५।८।९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. सुनसरीको इनरुवामा सशस्त्र प्रहरी बलको सीमा सुरक्षा बललाई स्थायी रुपमा जग्गा सट्टापट्टा गराउने विषयको गृह मन्त्रालयको नं. ६।१६७-०६५।८।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. शहीद घोषणा र क्षतिपूर्ति उपलब्ध गराउने (स्व. राजकुमार आङ्गदेम्वेलाई) विषयको गृह मन्त्रालयको नं. ६।१६९-०६५।८।१९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. आर्थिक सहायता उपलब्ध गराउने (विन्दु शाहीलाई) विषयको गृह मन्त्रालयको नं. ६।१७१-०६५।८।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. क्षतिपूर्ति उपलब्ध गराउने (पूर्व सांसद श्री सोमप्रसाद पाण्डेको निजी गाडीको क्षति बापत) विषयको गृह मन्त्रालयको नं. ६।१७२-०६५।८।२३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. निर्माणाधीन र अध्ययनको चरणमा रहेका विभिन्न जलविद्युत आयोजनाहरुको सुरक्षा व्यवस्थालाई सुदृढ गर्ने विषयको जलस्रोत मन्त्रालयको नं. ७।२५-०६५।८।१९ को प्रस्ताव - प्रस्तावसाथ संलग्न निर्माणाधीन र अध्ययनका चरणमा रहेका विभिन्न विद्युत आयोजनाहरुको सुरक्षा व्यवस्था सुदृढ गर्ने विवरणको स्थानीयस्तरमा गठन हुने समितिको सदस्यमा आयोजना सञ्चालन हुने जिल्लाबाट संविधान सभामा प्रत्यक्ष निर्वाचनबाट निर्वाचित माननीय सदस्यलाई सदस्य थप गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण निर्देशिका, २०६५ जारी गर्ने विषयको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको नं. ११।२१-०६५।८।१६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. चीन सरकारबाट नेपाल सरकारलाई सैनिक सहयोग उपलब्ध गराउने विषयको रक्षा मन्त्रालयको नं. १२।६०-०६५।८।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४.	शुक्लाफाँटा वन्यजन्तु आरक्षको जग्गा समस्या समाधान समिति गठन गर्ने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।२५-०६५।७२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
१५.	कोशी टप्पु वन्यजन्तु आरक्षको जग्गा समस्या समाधान समिति गठन गर्ने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।२६-०६५।७२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
१६.	राष्ट्रिय प्रकृति संरक्षण कोषलाई थप १० वर्ष मनास्लु संरक्षण क्षेत्रको व्यवस्थापन गर्न दिने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।३३-०६५।८।२३ को प्रस्ताव - राष्ट्रिय प्रकृति संरक्षण कोषको संगठन संरचनाको सम्बन्धमा प्रशासन पुनःसंरचना आयोगले अध्ययन गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
१७.	माल्टामा आयोजना हुने International Folk Festival मा भाग लिने (मा.मन्त्रीको नेतृत्वमा) विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०।३३-०६५।८।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
१८.	प्राथमिक स्वास्थ्य केन्द्र, चाल्नाखेल, काठमाडौंको नाममा सार्वजनिक पर्ति जग्गा दर्ता गर्ने विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकोको नं. २२।१४-०६५।२।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।
१९.	सरकारी वार्ता टोली र मधेसी जनअधिकार फोरम, नेपाल आदिवासी जनजाति महासंघ, आदिवासी जनजाति तथा संयुक्त संघर्ष समिति, चुरे भावर प्रदेश एकता समाज, नेपाल, बादी अधिकार राष्ट्रिय संघर्ष समिति, संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा, संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा र संघीय लिम्बूवान राज्य परिषद्बीच विभिन्न समयमा भएका सहमति सम्झौता कार्यान्वयन गर्न देहायबमोजिम समिति गठन गर्ने -

(क)	समिति गठन-

| | | | |
|---|---|---|---|
| (१) | शान्ति तथा पुनर्निर्माण मन्त्री | - | संयोजक |
| (२) | उद्योग मन्त्री | - | सदस्य |
| (३) | शिक्षा मन्त्री | - | सदस्य |

(ख)	समितिले आवश्यकतानुसार अन्य मन्त्री तथा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्ने ।

२०.	नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५९ को उपधारा (४) तथा (५) को व्यवस्था कार्यान्वयन गर्न देहायबमोजिमको समिति गठन गर्ने -

| | | | |
|---|---|---|---|
| १. | उपप्रधानमन्त्री तथा गृह मन्त्री | - | संयोजक |
| २. | भौतिक योजना तथा निर्माण मन्त्री | - | सदस्य |
| ३. | वाणिज्य तथा आपूर्ति मन्त्री | - | सदस्य |
| ४. | स्वास्थ्य तथा जनसंख्या मन्त्री | - | सदस्य |
| ५. | संस्कृति तथा राज्य पुनःसंरचना मन्त्री | - | सदस्य |
| ६. | वातावरण, विज्ञान तथा प्रविधि मन्त्री | - | सदस्य |

२१.	नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (च) बमोजिम वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने प्रयोजनका लागि देहायबमोजिम गर्ने-

(क)	श्री हरिबोल गजुरेलको अध्यक्षतामा भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोग गठन गर्ने ।
(ख)	खण्ड (क) बमोजिमको आयोगमा रहने सदस्यहरु सम्माननीय प्रधानमन्त्रीले तोक्ने ।
(ग)	यसैसाथ संलग्न आयोगको कार्यक्षेत्रगत शर्तहरु (TOR) स्वीकृत गर्ने ।

२२.	लोकतान्त्रिक संघीय गणतन्त्रात्मक राज्य घोषणा भएपछि नेपाल सरकारले शहीद घोषणा गरेका शहीदहरुका परिवारलाई 'शहीद परिवार परिचय-पत्र' गृह मन्त्रालयले तुरुन्त वितरण गर्ने

२३. विशेष समूहका कर्मचारीहरुको प्रशासन र व्यवस्थापन नियमावली, २०६५ को नियम ५. को उपनियम (२) को अधिकार प्रयोग गरी विशेष समूहको कर्मचारीको प्रशासन र व्यवस्थापन गर्न सामान्य प्रशासन मन्त्रालयको सचिवलाई तोक्ने ।

२४. मं.प.बै.सं. १९।०६५ मिति २०६५।५।२१ को मन्त्रिपरिषद्को निर्णयानुसार मन्त्रिपरिषद्को कार्य सम्पादनमा सहयोग पुऱ्याउन गठित मन्त्रिपरिषद्, विधेयक समितिमा माननीय विष्णुप्रसाद पौडेल, जलस्रोत मन्त्रीलाई सदस्य तोक्ने ।

२५. लोक सेवा आयोग, केन्द्रीय कार्यालय कमलपोखरीबाट हाल निर्माण भएको अनामनगरस्थित भवनमा सरेपछि कमलपोखरीस्थित सो भवनमा युवा तथा खेलकूद मन्त्रालयलाई स्थानान्तरण गर्ने ।

२६. देहायबमोजिम गर्नेः-

(क) दोलखा निवासी ने.क.पा. (माओवादी) का नेता श्री कृष्णप्रसाद दाहाललाई विदेशमा गई क्यान्सर रोगको उपचार गर्न पाँच लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

(ख) रोल्पा, गजुल-२, काभ्रा निवासी धनबहादुर घर्तीको निवेदनलाई दृष्टिगत गरी सात वर्षीय बालक सुरेन्द्र घर्तीको मृगौला रोगको उपचार गर्न पचास हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

(ग) सुनसरी निवासी शिवनारायण महतोलाई उपचार गर्न पचास हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

(घ) झापा, सुरुङ्ग-९ निवासी दुर्गा उप्रेतीको निवेदनलाई दृष्टिगत गरी कृष्णलाल उप्रेतीलाई क्यान्सर रोगको उपचार गर्न पचास हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

(ङ) काभ्रेपलाञ्चोक निवासी बखानसिंह लामालाई औषधोपचारका लागि थप एक लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

(च) नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का केन्द्रीय सल्लाहकार श्री बोधराज काफ्लेलाई क्यान्सर रोगको उपचारका लागि थप दुई लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

द्रष्टव्य :- निर्णयसँग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।